## तीनपाटन गाउँपालिकाको

स्थानीय राजपत्र

# आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**भाग-२**

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/९/१०

खण्ड : ६, अंक ४६ सङ्ख्या ३६
राजपत्रमा प्रकाशित मिति : २०७९/११/१०

प्रमाणीकरण मिति : २०७९/११/२०

**तीनपाटन गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार
सिन्धुली, जिल्ला
बागमती प्रदेश, नेपाल

# आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

तीनपाटन गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी, पारदर्शी एवम् प्रभावकारी बनाउन, यस गाउँपालिकाबाट विनियोजित उपचार तथा आर्थिक सहायता खर्च रकमको सही सदुपयोग गर्न-गराउन तथा सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरूको मौलिक हकको प्रत्याभूत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी तीनपाटन गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(ख) यस कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "कार्यविधि" भन्नाले तीनपाटन गाउँपालिकाको आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ सम्झनुपर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले तीनपाटन गाउँपालिका सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले तीनपाटन गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "आर्थिक सहायता" भन्नाले मानवीय जीवनमा दीर्घ असर पार्ने खालका मुटु, मृगौला, क्यान्सर, मष्तिष्कघात तथा पक्षघात जस्ता दीर्घ रोगबाट पीडित व्यक्ति, दुर्घटनामा परि गम्भीर घाइतेहरू र मृत्यु भएकाहरूका लागि तत्कालै गाउँपालिका कार्यालयबाट उपलब्ध गराउने सहयोग रकमलाई बुझ्नुपर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले तीनपाटन गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तीनपाटन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको काम गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्दछ ।

## परिच्छेद–२
## उद्देश्य तथा बजेट सीमा

**३. उद्देश्य**

**यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय अनुसार रहेको छ ।**

(क) गाउँपालिका क्षेत्रभित्र रहेका विपन्न दीर्घरोगीहरू तथा दुर्घटनामा परी अंगभंग भएकाहरूलाई उपचार सहयोगार्थ आर्थिक सहायता उपलब्ध गराई व्यक्तिको जीवन रक्षार्थ सहयोग पुर्याउनु ।

(ख) स्वास्थ्य उपचारमा तीनपाटन बासीको सहज पहुँचको आधार तयार गर्नु ।

**४. बजेट सीमा**

तीनपाटन गाउँपालिकाको गाउँ सभाबाट उपचार तथा आर्थिक सहायता खर्च शीर्षकमा विनियोजित रकम नै बजेटको सीमा हुनेछ ।

## परिच्छेद–३
## आर्थिक सहायता रकम तथा वितरणको आधारहरू

५. आर्थिक सहायता रकम देहाय अनुसार उपलब्ध गराउन सकिनेछः

(क) **गम्भीर प्रकृतिका दीर्घ रोगीहरू**

| सि.नं. | रोगको प्रकृति | सहायता गर्न सकिने अधिकतम रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | क्यान्र (जुनुकै) | १०००० | |
| २. | मृगौला म्बन्धी | १०००० | |
| ३. | मुटु | १५००० | |
| ४. | ब्रेन ट्युमर | १५००० | |
| ५. | स्पाइनल कर्ड म्बन्धी | १०००० | |
| ६. | एच.आइ.भी एड्स | ७००० | |
| ७. | दम | ५००० | |
| ८. | मधुमेह | ५००० | |
| ९. | छाला तथा यौनरोग | १०००० | |

(क) दुर्घटनामा परी अंगभंग भएकाहरूलाई न्यूनतम रु. ५,०००/- देखि अधिकतम रु. २०,०००/- सम्म ।

(ख) दुर्घटनामा परी मृत्यु भएमा अवस्था र आवश्यकता हेरी रु. २५,०००/- (पच्चिस हजार) सम्म किरिया खर्च बापत उपलब्ध गराइनेछ ।

## परिच्छेद–४
## आर्थिक सहायता निर्णय प्रक्रिया

१. आर्थिक सहायता रकम उपलब्ध गराउन आवश्यक कागजातहरू

(क) **अनुसूची–१ बमोजिमको निवेदन**

(ख) सम्बन्धित वडा कार्यालयबाट विपन्न नागरिक सिफारिस पत्र

(ग) अस्पतालमा भर्ना भएको बिरामी दर्ता पूर्जा तथा डाक्टरको प्रेस्क्रिप्सन

२. दफा (६) मा उल्लेख भएका कागजात सहित आर्थिक सहायता माग भएमा,

(क) रु. १,०००/- देखि ७,०००/- सम्मको हकमा प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट सोझै दिन सक्नेछ ।

(ख) रु.७,००१/- भन्दा बढी तर रु.२०,०००/- सम्म गाउँपालिका अध्यक्षको तोक आदेशमा प्रमुख प्रशासकीय अधिकृतले दिन सक्नेछ ।

(ग) उपदफा (क) र (ख) मा तोकिएको भन्दा बढी रकम आर्थिक सहायता उपलब्ध गराउनुपर्ने भएमा गाउँ कार्यपालिकाको बैठक निर्णयबाट उपलब्ध गराइनेछ ।

(घ) आर्थिक सहायता उपलब्ध गराउँदा विषय वा प्रकृति हेरी गाउँपालिकाको स्वास्थ्य शाखा/सामाजिक विकास/प्रशासन शाखाबाट व्यहोरा उठान भई आर्थिक प्रशासन शाखा समेतको राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद –५
## आर्थिक सहायता रकमको खर्च सम्बन्धी समीक्षा

३. गाउँपालिका कार्यालयबाट उपलब्ध भएका आर्थिक सहायता रकमको खर्चका सम्बन्धमा गाउँ कार्यपालिकाको बैठकमा यसको प्रभावकारीता बारे आवश्यक्तानुसार समीक्षा गरिनेछ ।

## परिच्छेद–६
## विविध

४. आर्थिक सहायता रकम एकाघरको परिवारको सदस्य मध्येबाट एक जनालाई एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ ।

५. **उजुरी तथा निर्णय** : यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयले उपलब्ध गराएको आर्थिक सहायतका विषयमा गाउँपालिका कार्यालय समक्ष उजुरी दिन सकिनेछ । प्राप्त उजुरीका सम्बन्धमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

६. **यसै कार्यविधि बमोजिम हुने** : चालु आ.व.०७९/८० मा यस कार्यविधि स्वीकृत हुनुपूर्व उपलब्ध गराइएका आर्थिक सहायता रकम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

७. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधि बमोजिमको कुनै व्यवस्था कार्यान्वयनमा केही बाधा भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूचि–१
# आर्थिक सहायता रकम मागका लागि दिइने निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,
तीनपाटन गाउँपालिका ।

**विषयः– आर्थिक सहायता रकम उपलब्ध गराइ पाऊँ ।**

प्रस्तुत विषयमा म निवेदक यसै गाउँपालिका वडा नं..........को स्थायी बासिन्दा भएको र हाल..............................रोगका कारण/दुर्घटनाका कारण .............................अस्पतालमा उपचाररत रहेको र मेरो परिवारको आर्थिक अवस्था न्यून रहेकाले उपचारका लागि यस कार्यालयको आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७९ मा भएको व्यवस्था बमोजिमको सहायता रकम उपलब्ध गराइदिनुहुन यस निवेदनका साथ वडा कार्यालयको सिफारिस र बिरामी दर्ता प्रमाणपत्र एवम् प्रेस्क्रिप्सन संलग्न गरी सादर अनुरोध गर्दछु ।

**बिरामीको विवरण** :
१. नाम, थर :
२. बाबुको नाम, थर :
३. आमाको नाम, थर :
४. स्थायी ठेगाना :
५. सम्पर्क मो.नं. :
६. उपचाररत अस्पतालः
७. रोगको प्रकृतिः

**निवेदक**
दस्तखतः
नाम, थरः
ठेगानाः
मितिः
सम्पर्क नं.